NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# मतदानका लागि एक करोडभन्दा बढी नेपालीहरूले नाम दर्ता गराइसकेका छन्, नाम दर्ता गराउन बाँकी रहेकाहरूलाई दर्तामा पहुँच सुनिश्चित गर्ने काम चाहिँ अझै महत्वपूर्ण छ ।

**तत्काल प्रकाशनका लागि**
**जनवरी ३१, २०१२**

सम्पर्क :
एटलान्टामा : डेबोरा ह्याक्स, १ ४०४ ४२० ५१२४
काठमाण्डौंमा : सारा लेभिटसोर, ९७७१ ४४४ १४४६

**काठमाण्डौं**...आज जारी गरिएको एक प्रतिवेदनमा निर्वाचन आयोगले आजका मितिसम्म १ करोडभन्दा बढी नेपाली नागरिकहरूलाई मतदाता नामावलीमा दर्ता गरेकोमा द कार्टर सेन्टरले निर्वाचन आयोगको सह्राहना गर्दै यस प्रक्रियामा सहभागी हुन अझै बाँकी रहेकाहरूलाई समेट्नका निम्ति थप प्रयत्नहरू गर्न आयोगलाई प्रोत्साहित गरेको छ ।

कार्टर सेन्टरको डेमोक्रेसी प्रोग्रामका सह निर्देशक डा. डेभिड पोट्टी भन्छन्, "निर्वाचन आयोगले महत्वपूर्ण प्रगति हासिल गरेको छ र अब यसले दुर्गम क्षेत्र तथा सीमान्तकृत समुदायका योग्य नेपाली नागरिकलाई नयाँ मतदाता नामावलीमा समावेश गर्ने कामलाई सुनिश्चित गर्नका लागि दर्ता हुन बाँकी रहेका जनता समक्ष पुग्नु पर्दछ ।"

निर्वाचन आयोगले यो प्रक्रियाको चरणमा आफ्नो आन्तरिक लक्ष्यको लगभग ९३ प्रतिशत नाम दर्ता गरिसकेको छ । तर आफ्नो कुल दर्ता लक्ष्यको लगभग ६९ प्रतिशत मात्र पुरा गर्न सकेको छ । तथापि सन् २०११ को जनगणनाको तथ्याङ्क उपलब्ध भएपछि उक्त कुल दर्ता लक्ष्यलाई पुनरावलोकन गर्नु पर्ने हुन्छ ।

निर्वाचन आयोगको सबभन्दा पछिल्लो तथ्याङ्कले के देखाउँछ भने जनसंख्याको अनुपातमा नाम दर्ता गराउनेहरूको कुल संख्या इलाम र झापाजस्ता जिल्लाहरूमा निकै उच्च रहिआएको छ तर जाजरकोट, कालिकोट र डोल्पाजस्ता दुर्गम जिल्लाहरूमा एकदमै न्युन रहेको छ ।

निर्वाचन आयोगद्धारा संकलित तथ्याङ्कले देशभर अझैपनि जनताको उल्लेख्य हिस्सासँग नागरिकताको प्रमाणपत्र नभएको देखाउंछ । यस्ता व्यक्तिहरू कुनै खास भौगोलिक क्षेत्रमा मात्र सीमित छैनन् । नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन नागरिकताको प्रमाणपत्र अनिवार्य गरिएको छ । त्यस्ता नागरिकहरूलाई आफ्नो मताधिकारबाट वञ्चित नगराउन नेपाल सरकारले सन् २०११ को ७ फेब्रुअरीमा सर्वोच्च अदालतले गरेको फैसला अनुसार योग्य नेपाली नागरिकहरुको नागरिकता प्रमाणपत्रसम्मको पहुंच सहजीकरण गर्नका लागि थप उपायहरू अपनाउनु पर्दछ ।

यस प्रक्रियामा यसअघि बाधा पुर्‍याएका राजनीतिक दलका अवरोधहरूलाई हटाउनका लागि निर्वाचन आयोग दलहरूसँग सहमति जुटाउन सफल भएको छ । यो एउटा उल्लेखनीय उपलब्धि हो । यद्यपी नागरिकताको प्रमाणपत्रसम्वन्धी अथवा अन्य बिषयहरुलाई सम्वोधन नगर्ने हो भने यस प्रक्रियाको अन्तिम चरणतिर त्यस्ता अवरोधहरू स्वाभाविक रुपमा आउनेछन् भन्ने कार्टर सेन्टरका पर्यवेक्षकहरूले उल्लेख गरेका छन् ।

जिल्ला तथा गाउँ तहमा पाइएका पर्यवेक्षण तथ्य अनुसार मतदाता दर्ता भइरहेका क्षेत्रहरूमा दर्ता प्रक्रिया सकारात्मक रुपमै अगाडि बढिरहेको छ । तैपनि आफ्नो वैधानिक बसोबासको क्षेत्रभन्दा बाहिर दर्ता गर्ने सम्भावनाको सम्वन्धमा भने न्यून चेतना रहेको कुरा पर्यवेक्षकहरूले लगातार उल्लेख गरेका छन् । कार्टर सेन्टरका पर्यवेक्षकहरूले निकै उच्च संख्याका अभिलेखहरूलाई सच्याउनु पर्ने लगायत तथ्याङ्क प्रमाणीकरण प्रक्रिया सम्वन्धी धेरै संख्याका मुद्दाहरूलाई पनि उजागर गरेका छन् । तीमध्ये केही अभिलेखहरूले तथ्याङ्कको सम्पूर्ण गुणात्मकतालाई नै प्रभावित गर्न सक्छन् ।

अन्त्यमा, कार्टर सेन्टरको सुझाव अनुसार राजनैतिक दलका अवरोधहरूबाट प्रभावित भएका ठाउँहरूमा मतदाता नामावली दर्ता प्रक्रिया पुनः सुरु गर्ने तथा जिल्ला सदरमुकामबाहिर पनि केहि ठाउंहरुमा दर्ता केन्द्र खोलेर धेरैलाई नाम दर्ताको निम्ति सजिलो पार्ने जस्ता कार्यहरु लगायत निर्वाचन आयोगका अनेकौं सकारात्मक कदमलाई कार्टर सेन्टर सह्राहना गर्दछ ।

मतदानको लागि नाम दर्ता गराउन चाहने सम्पूर्ण नेपालीका लागि अझै बढी पहुँच र अवसर प्रबर्धन गर्न निर्वाचन आयोगले निरन्तररुपमा आफ्नो प्रयास बढाउनेछ भन्ने कार्टर सेन्टर आशा गर्दछ ।

**मुख्य सिफारिसहरूको सारांश**

निर्वाचन आयोग, नेपालले गर्नुपर्ने :

- सन् २०११ को जनगणना तथ्याङ्क उपलब्ध हुने वित्तिकै उक्त तथ्याङ्कको आधारमा निर्वाचन आयोगले प्राप्त गरेको दर्ता लक्ष्यलाई पुनवरावलोकन गर्नुका साथै यसभन्दा अगाडि गरिएजस्तै पुनवरावलोकन गरिएको आंकडाबारे स्पष्ट कारण दिने,
- हाल जारी प्रमाणीकरण प्रक्रियाका प्राविधिक तथा प्रक्रियागत पक्षमा रहेका कमजोरीहरू, खास गरी तथ्याङ्कसँग सम्वन्धित मूख्य असंगतिहरूलाई संवोधन गर्ने,
- हालसम्मको प्रक्रियाका सबै चरणहरूमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले निरन्तर रुपमा पाएका सामान्य गल्तिहरूलाई दर्ता कर्मचारीले नै सच्याउन भनि सुनिस्चित गर्नका लागि कुनै पनि नयाँ स्थलगत दर्ताको चरण शुरु हुनु अघि नै पुनर्ताजगी तालीमको व्यबस्था गर्ने,
- जिल्ला निर्वाचन कार्यालय बाहिर नै घुम्ति एकीकृत सेवा प्रदायक टोलीमा सहभागि हुने जस्ता उपायहरूको प्रयोग गरी मतदाता दर्ता अभियानलाई विस्तारित गर्ने र निरन्तरता दिने कुरालाई ध्यानमा राख्ने,
- मतदाता दर्ताको समयसीमा यस प्रक्रियाको वर्तमान स्थिति निर्वाचन आयोगको भविष्यको योजनाहरुलाई पुनरावलोकन गरी दुरुस्त राख्ने तथा निर्वाचन आयोग र प्रशासनका अधिकारीहरू, राजनीतिक दलहरूका साथै मतदाताहरूलाई यसबारे सूचित गर्ने,
- खास गरी कम दर्ता भएका क्षेत्रहरूलाई ध्यानमा राखी अहिलेसम्म दर्ता नभएका योग्य व्यक्तिहरूसम्म पुग्न छुट मतदाता दर्ता कार्य सम्बन्धि योजनालाई औपचारिक रुप दिने,
- आउँदो र भविष्यको  दर्ता प्रक्रियाका चरणहरुका लागि लक्षित मतदाता शिक्षा योजना तथा संचार रणनीति निर्माण गर्नुका साथै दर्ता प्रक्रियाका बारेमा अनभिज्ञ, जिल्लाबाहिर दर्ताको बारेमा जानकारी नभएका वा दर्ता गराउन कठिनाई हुनेहरूका लागि दर्ता सुविधा प्रदान गर्ने योजना बनाउने,
- मतदाता दर्ता प्रक्रियाका आगामी महत्वपूर्ण चरणहरू, जस्तै : उजुरीको चरण, दावी विरोधको चरण तथा केन्द्रीय तहबाट गरिने मतदाता सूची परीक्षणका लागि विधि-प्रक्रिया तय गर्ने,
- निर्वाचन आयोगको सूचना प्रविधि विभागको क्षमतामा सुधारका लागि प्रयत्नहरू जारी राख्ने,
- अर्को निर्वाचनसम्म पनि राष्ट्रिय परिचयपत्र उपलब्ध नहुन सक्ने सम्भावनालाई ध्यानमा राखी अग्रिम योजना बनाउने,
- निर्वाचनभन्दा अगाडि लागू गर्न नागरिक शिक्षा योजना निर्माण गर्ने

नेपाल सरकारले गर्नुपर्ने :

- सन् २०११ को फेब्रअरी महिनामा सर्वोच्च अदालतले गरेको निर्णय अनुरुप सम्पूर्ण योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने प्रयत्नमा वृद्धि गर्ने,
- योजना गरेअनुरुप राष्ट्रिय परिचयपत्र निर्माण गर्ने निर्णय भएको अवस्थामा निर्वाचन आयोगसँग निकट समन्वय गर्ने,
- रिक्त पदहरू पूर्ति गरेर तथा लोकसेवा आयोगको नियमावलीमा सुधार गरेर निर्वाचन आयोगका कर्मचारीको कुल संख्याको व्यवस्थापन गर्ने र अनिश्चितता घटाउने,

राजनीतिक दल तथा नागरिक समाजले गर्नुपर्ने :

- मतदाता नामावली दर्ता प्रक्रियामा अझै बढी सक्रिय तथा सहयोगीको भूमिका खेल्ने,

कार्टर सेन्टरको पूर्ण प्रतिवेदन www.cartercenter.org मा उपलब्ध छ ।

नेपालको शान्ति प्रक्रियामा सन् २००३ देखि सहयोगी भूमिकामा रहेको कार्टर सेन्टरले सन् २००८ को संविधान सभा निर्वाचनको पर्यवेक्षणको लागि अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग खटाएको थियो । संविधान निर्माण तथा शान्ति प्रक्रियामा भएका प्रयासहरूको पर्यवेक्षणका लागि यो सेन्टर नेपालमै रहेको छ । यसको खास दृष्टिकेन्द्र स्थानीय तह नै हो ।

नेपालको शान्ति प्रक्रियाका बारेमा http//cartercenter.org/countries/nepal-peace.html मा कार्टर सेन्टरका सबै प्रतिवेदनहरू पढनुहोस् ।

ooo

*विश्वव्यापी रुपमा शान्ति र स्वास्थ्य वृद्धि गर्ने उद्देश्यले इमोरी विश्वविद्यालयसँग साझेदारी गरेर संयुक्त राज्य अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टर र उनकी श्रमती रोजलिन्ले सन् १९८२ मा कार्टर सेन्टरको स्थापना गरेका हन् । यो गैरनाफामखी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । द्वन्द्व समाधानमा सहयोग पऱ्याएर, लोकतन्त्र, मानव अधिकार र आर्थिक अवसरहरू वृद्धि गरिदिएर रोगहरूको रोकथाम, मानसिक स्वास्थ्यको हेरचाह वृद्धि गरेर र किसानहरूलाई अन्न उत्पादन वृद्धिको निम्ति शिक्षा प्रदान गरेर कार्टर सेन्टरले ७० भन्दा बढी मुलुकमा जनताको जीवनस्तर वृद्धिमा सघाउ पऱ्याइरहेको छ ।*